# काठमाडौं महानगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, काठमाडौं, वागमती प्रदेश, नेपाल

राजस्व विभाग
काठमाडौं महानगरपालिका
कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्याः २०८०/०८१
चलानी नः ५१०

मिति :२०८१।०३।०४
११४४ तछलाथ्व एकादशी मंगलवार

श्री सबै वडा कार्यालय,
काठमाडौं महानगरपालिका ।

विषय : **Sutra Revenue Module सम्बन्धमा ।**

नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।०२।३० गतेको Sutra Revenue Module प्रयोग सम्बन्धमा जारी सूचनाको विषयमा यो पत्र प्रेषित गरिएको छ । तत् सम्बन्धमा उक्त सूचना बमोजिम Sutra Revenue Module (आंशिक) प्रयोग गर्ने व्यवस्थाका लागि तहाँ वडा कार्यालयमा कार्यरत कर्मचारी मध्ये हाल राजश्व संकलन तथा लेखांकनमा संलग्न दुई जना कर्मचारीहरुको तपसिल बमोजिमको विवरण भरि भराई Sutra Revenue Module (आंशिक) को Username र Password प्राप्त गर्न निम्न मिति, समय र स्थानमा उपस्थितको लागि अनुरोध छ । साथै महालेखा नियन्त्रक कार्यालयको सूचनाको छायाँप्रति यसै पत्र साथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

**तपसिल**

| सि नं. | प्यान नं. | कर्मचारीको नाम (नेपालीमा) | नाम अंग्रेजीमा | मोबाइल नं | इमेल | सिटरोल नंबर | सेवा | समूह | श्रेणी/तह | पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

# काठमाडौं महानगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, काठमाडौं, वागमती प्रदेश, नेपाल

राजस्व विभाग

पत्र संख्याः २०८०/०८१

चलानी नः

निम्नः

| वडा नं | मिति/समय | समय | स्थान |
|---|---|---|---|
| वडा १ देखि ७ | २०८१/०३/९ | दिउसो ३.००-५.०० सम्म | राजस्व विभाग |
| वडा८देखि १४ | २०८१/०३/१० | दिउसो ३.००-५.०० सम्म | राजस्व विभाग |
| वडा १५ देखि २१ | २०८१/०३/११ | दिउसो ३.००-५.०० सम्म | राजस्व विभाग |
| वडा २२ देखि २८ | २०८१/०३/१२ | दिउसो ३.००-५.०० सम्म | राजस्व विभाग |
| वडा २९ देखि ३२ | २०८१/०३/१३ | दिउसो ३.००-५.०० सम्म | राजस्व विभाग |

.............................................

(ध्रुव कुमार काफ्ले)

विभागीय प्रमुख

**बोधार्थ**

श्रीमान् प्रमुखज्यू, काठमाडौं महानगरपालिका

श्रीमान् उपप्रमुखज्यू, काठमाडौं महानगरपालिका

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, काठमाडौं महानगरपालिका

रकारको अस्थिर नीतिका कारण उद्योगी व्यवसायी आउन बताउनुभयो। उद्योग व्यापार संघ ...

ठाँटेरको पत्र + कालिपु
मिति २०८१/२/३०
५३/१२/०

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाडौं

## स्थानीय तहको आन्तरिक राजस्व खाता र विभाज्य कोष खातामा राजस्व दाखिला गर्ने सम्बन्धी

# अत्यन्त जरूरी सूचना

स्थानीय तहको राजस्व संकलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित तुल्याउने उद्देश्यले २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात गरिएकोमा २०८० पौषदेखि सबै ७५३ स्थानीय तहको राजस्व खातामा अनलाइन माध्यमबाट राजस्व बुझाउन सकिने र करदाताले आफ्नो व्यक्तिगत एवं संस्थागत विवरणहरु अनलाइन रुपमा भरी पेश गर्न सक्ने गरी स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) सञ्चालनमा आएको छ। मिति २०८१।०३।०१ देखि स्थानीय तहका राजस्व खाताहरु (ग.१.१ आन्तरिक राजस्व खाता र ग.६.१ विभाज्य कोष खाता) मा राजस्व दाखिला गर्दा राजस्व दाखिला भौचर (Deposit slip) लाई अनिवार्य गरिएको छ। राजस्व दाखिला भौचर (Deposit slip) सहित SuTRA Revenue Module: Bank Interface मार्फत मात्र बैंकमा राजस्व दाखिला गर्नुपर्ने व्यवस्था गरिएको हुँदा सबै स्थानीय तह (स्थानीय तह, मातहतका वडा कार्यालय तथा अन्य संकलन केन्द्रहरु), स्थानीय तहको कारोबार गर्ने बैंकहरु तथा स्थानीय तहका सेवाग्राही एवं करदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। स्थानीय तहको राजस्व खातामा रकम जम्मा गर्दा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

१. सुत्र राजस्व मोड्युल (आंशिक वा पूर्ण) संचालन भएको स्थानीय तहले आफूले संकलन गरेको नगद राजस्व बैंक दाखिला गर्दा सुत्र राजस्व मोड्युलबाट निकालिएको राजस्व दाखिला भौचर सहित बैंकमा पेश गर्ने।

२. सुत्र राजस्व मोड्युल (आंशिक वा पूर्ण) संचालन नभएको स्थानीय तहले आफूले संकलन गरेको नगद राजस्व बैंक दाखिला गर्दा शीर्षकगत जोडजम्मा रकम सुत्र राजस्व मोड्युलको कर संकलन (आंशिक) मा प्रविष्ट गर्ने र सुत्र राजस्व मोड्युलबाट राजस्व दाखिला भौचर तयार गरी सो भौचर सहित बैंकमा पेश गर्ने (सुत्र राजस्व मोड्युल आंशिक प्रयोगकर्ता पुस्तिका https://sutra.fcgo.gov.np को Documents खण्डमा उपलब्ध छ)। शुरुमा सो अनुसार गर्न नसकिएमा Hard copy राजस्व दाखिला भौचर भरी बैंकमा पेश गर्ने।

३. स्थानीय तहले सेवाग्राही वा करदाताबाट बुझेको चेक वा ड्राफ्ट समेत सुत्र राजस्व मोड्युलमा प्रविष्ट गरी सोही मोड्युलबाट चेक डिपोजिट स्लिप निकाली बैंकमा पेश गर्ने।

४. सेवाग्राही वा करदाताले स्थानीय तहमा बुझाउनुपर्ने राजस्व स्थानीय तह, वडा वा अन्य संकलन केन्द्रमा गई नगदै बुझाउन सक्ने वा राजस्व दाखिला भौचर (Deposit slip) भरी सम्बन्धित बैंकमा गई नगद वा चेक वा ड्राफ्ट बुझाउन सक्ने वा स्थानीय तह राजस्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) मा करदाताले युजर बनाई Online राजस्व भुक्तानी गर्न सक्ने वा सो पोर्टल सिर्जित भौचर बैंकमा पेश गरी राजस्व दाखिला गर्न सक्ने (स्थानीय तह राजस्व/करदाता पोर्टल प्रयोगकर्ता पुस्तिका https://sutra.fcgo.gov.np को Documents खण्डमा उपलब्ध छ)।

५. बोलपत्रदाताले बोलपत्रसम्बन्धी कागजातको दस्तुर बुझाउँदा स्थानीय तहमा नगदै बुझाउन सक्ने वा राजस्व दाखिला भौचर भरी बैंकमा बुझाउन सक्ने वा स्थानीय तह राजस्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) मा राजस्व दाखिला भौचर बनाई अनलाइन भुक्तानी गर्न सक्ने वा सो पोर्टल सिर्जित भौचर बैंकमा पेश गरी राजस्व दाखिला गर्न सक्ने व्यहोरा स्थानीय तहले सार्वजनिक खरिद सूचनामा उल्लेख गर्ने।

६. स्थानीय तहको राजस्व संकलन गर्ने बैंकले स्थानीय तहको राजस्व बुझिलिदा सुत्र राजस्व मोड्युलबाट निकालिएको राजस्व दाखिला भौचर (Deposit slip) वा स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) बाट निकालिएको राजस्व भौचरलाई SuTRA Revenue Module: Bank Interface मा प्रमाणित गरी राजस्व बुझिलिने। स्थानीय तह वा सेवाग्राही वा करदाताबाट Hard copy राजस्व दाखिला भौचर (Deposit slip) भरी नगद वा चेक वा ड्राफ्ट पेश हुन आएमा SuTRA Revenue Module: Bank Interface मा प्रविष्ट गरी बुझिलिने र नगद वा क्लियरिङ्गमा पठाउनुनपर्ने चेक वा ड्राफ्टको हकमा सिर्जना भएको कारोबार संकेत Hard copy राजस्व दाखिला भौचरमा लेखी एक प्रति दाखिलाकर्तालाई उपलब्ध गराउने। साथै स्थानीय तहबाट चेक डिपोजिट स्लिप सहित पेश भएको वा बैंक आफैं बुझेको चेक वा ड्राफ्ट Clear भएपछि SuTRA Revenue Module: Bank Interface मा सम्बन्धित चेक वा ड्राफ्टलाई Clear जनाउने र त्यसपछि सो चेक वा ड्राफ्टका सम्बन्धमा सिर्जना भएको कारोबार संकेत दाखिलाकर्तालाई उपलब्ध गराउने।

**सो सम्बन्धी विस्तृत जानकारी स्थानीय तह तथा सम्बन्धित बैंकहरुलाई परिपत्र मार्फत गराईसकिएको र सो परिपत्र सुत्रको वेभसाइट https://sutra.fcgo.gov.np मा उपलब्ध रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।**